# संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धिको सञ्चार प्रक्रियासम्बन्धी तेस्रो इच्छाधीन आलेख



**सल्लाहकार/सम्पादन**
कृष्ण सुवेदी

**सह-सम्पादन**
मोहन दँगाल

**अनुवाद**
अञ्जना नेपाल

**भाषा सम्पादन**
देवराज सापकोटा

**डिजाइन**
पौरखी प्रिन्ट हाउस प्रा. लि.

**चित्र**
प्रदीप राई

**सहयोग:**
Irish Aid
Rialtas na hÉireann
Government of Ireland

**प्रकाशक :**
Ratify OP3 CRC
Coalition Nepal

सचिवालय : **चाइल्ड नेपाल**
**मैजु-बौद्ध रोड, चुच्चेपाटी, का.म.न.पा.-७**
**फोन नं.: ०१-४४९६२७२, मो. ९८४३१७८४००**
**पो.ब.नं.: २१८२९**

Child Nepal (CN) 2003

**पहिलो संस्करण** : २०८०

**इमेल** : cn@childnepal.org, nepalop3crc@gmail.com

**वेभसाइट** : www.childnepal.org

# बालबालिकाका अधिकारका कुरा



संयुक्त राष्ट्रसंघको महासभाले गरेको आधिकारिक निर्णयलाई महासन्धि भनिन्छ । महासन्धिलाई जुन देशहरूले सही र अनुमोदन गर्दछन् ती देशहरू त्यसैअनुसार चल्नु पर्दछ ।

संयुक्त राष्ट्रसंघीय महासन्धिहरूमा एउटा बालअधिकार महासन्धि पनि हो । बालअधिकार महासन्धिमा बालबालिकाहरू बाँच्न पाउने, संरक्षाणमा हुर्कन पाउने, विकास हुन पाउने, आफ्ना विचारहरूको सुनवाइ हुनुपर्ने लगायतका अधिकारहरू हुन्छन् । यी अधिकारहरूले तपाईंको जीवनलाई सजिलो र सुरक्षित बनाउँछन् ।

## बालबालिकाका अधिकारहरू यसरी खोसिन्छन्

लिंङ्ग, जाति, असक्षमता आदि कारणबाट विद्यालय जान नपाएर ।

बावुआमाका बीच हुने झैझगडा, सम्बन्ध विच्छेदजस्ता कारणले आमाबावुसँग, छुटिट्नु परेर ।

त्यसरी अभिभावकसँग छुटेका बालबालिकालाई परामर्श नगरी उनीहरूको इच्छा विपरीत संरक्षणका लागि कतै राखेर ।

# महासन्धिका थप आलेखहरू

बालअधिकार महासन्धि (CRC) मा भएका अधिकारहरूको थप व्याख्या गर्नका लागि थप तीनवटा ऐच्छिक आलेखहरू साना-साना सन्धिका रूपमा ल्याएको छ । CRC मा लेखिएका केही अधिकारहरूको थप जानकारी दिने ती आलेखहरू :

१

पहिलो : सशस्त्र द्वन्द्वका अवस्थाका बालबालिकाहरूको अधिकार बारेको / The Optional Protocol to the CRC on the Involvement of Children in Armed Conflict (**OPAC**) हो ।

२

दोस्रो : बालबालिकाको बेचबिखन, वेश्याबृत्ति र अश्लील चित्रण बारेको / Optional Protocol on the Sale of Children, Child Prostitution and Child Pornography (**OPSC**) हो ।

३

तेस्रो : सञ्चार प्रक्रिया सम्बन्धी यो तपाईंहरूको हातमा भएको इच्छाधिन आलेख / The Third Optional Protocol to the Covention on the Rights of the Child on a Communication Procedure (**OP3CRC**) हो

यसले आफ्नो देशले तपाईँलाई न्याय दिन नसकेका अवस्थामा **UN** मा उजुरी गर्ने अधिकार दिन्छ । यो उजुरीलाई सञ्चार प्रक्रिया भनिन्छ ।



सबै बालबालिकासँग यी अधिकारहरू हुन्छन् । तिनीहरू को हुन् ? उनीहरू कहाँ बस्छन् ? उनीहरूका बुवाआमा के पेसा गर्छन् ? कुन भाषा बोल्छन् ? कुन धर्म मान्दछन् ? उनीहरू बालक वा बालिका हुन् ? तिनीहरू कुन संस्कृति मान्दछन् ? उनीहरू अपाङ्गता या कुनै फरक क्षमताका छन् र उनीहरू धनी अथवा गरीब छन् त्यसका आधारमा या कुनै पनि कारणले बालबालिकामाथि फरक व्यवहारगर्नु हुँदैन ।


## हामीले जान्नु पर्ने केही कुराहरू

## संयुक्त राष्ट्रसंघ United Nations (UN)

**दोस्रो विश्वयुद्धपछि सन् १९४५ मा संसारमा शान्ति कायम राख्न, विभिन्न देशहरूमा आपसी मित्रता कायम गर्न अपसी समस्याको समाधान गर्न र सबैका अधिकारको सम्मानका लागि UN को स्थापना गरिएको हो ।**



# उल्लङ्घन, अनुमोदन, हस्ताक्षर र निधान



**Violate (उल्लङ्घन )**

तपाइँका अधिकारहरू उलङ्घन हुने सक्छन् ? कानुनले तपाइँका अधिकारको रक्षा गर्दैनन् र या समस्या सुल्झाउँदैनन् भने। तपाइँको अधिकार उल्लङ्घन हुन्छ।

**Ratify (अनुमोदन)**

सरकारले कुनै अन्तर्राष्ट्रिय सन्धि मान्नु या स्वीकार्नु।

**Signature (हस्ताक्षर)**

पछि अनुमोदन गर्ने गरी सरकारले सन्धिमा हस्ताक्षर गर्न सक्दछ।

**Remedy (निधान)**

निधान एक उपचार पद्धति हो। उदाहरण : कुनै बालबालिकालाई उसको विद्यालयबाट अन्याय गरी निकालिएको अवस्थामा फेरि विद्यालय जाने अवस्था मिलाउनु नै समाधान हो।

# OP3CRC भनेको के हो र यो तपाईंका अधिकारहरूसँग कसरी सम्बन्धित छ ?



अभिभावक, शिक्षक, जनप्रतिनिधिहरू, समुदायका सदस्यहरू र सरकारले हामी बालबालिकाको अधिकार सुरक्षित गरिदिनु पर्दछ । सँगसँगै आफ्ना अधिकारहरूको रक्षा गर्न बालबालिकाहरू आफैं बोल्नु पर्दछ । वयश्कले पनि यसका लागि बोलिदिनु पर्छ र उपचार वा क्षतिपूर्ति खोज्नु पर्दछ ।

सरकारहरूले सन्धिहरूमा बालबालिकाका अधिकारहरूको संरक्षण गर्न बनाइएका कुराहरूलाई राम्रोसँग पालना गर्नुपर्दछ । सधैं यसरी नै बालअधिकारको संरक्षण सधैंभरि हुनुपर्ने हो । जव सरकारी निकायबाट अधिकार सुरक्षाका लागि राम्ररी काम हुँदैन तव ती देशहरूमा बालअधिकारको संरक्षण नभएको हो र उनीहरूले न्याय नपाएको हो ।




त्यस्तो अवस्था आयो भने बालबालिकामा भएका हिंसा, यौन दुर्व्यवहार, शोषण भेदभावका मुद्दाहरूमा बालबालिकालाई **OP3CRC** ले **UN** मा उजुरी गर्ने विकल्प दिएको छ ।

# OP3CRC तिमीलाई धन्यवाद !
# तिमी यति गर्न सक्ने भएकाले
# बालबालिकाले तिमीलाई मन पराउँछन्

## भाइ बहिनीहरू,


यो बाटोबाट तपाईँहरूका मुद्दाहरू संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिसम्म पुऱ्याउन मद्दत गर्दछ । त्यो समितिमा १८ जना स्वतन्त्र बालअधिकार विज्ञहरू हुन्छन् । तपाईँका देशमा तपाईँहरूले बालबालिकाको अधिकारको हनन् भएका कुरा त्यो समितिलाई उजुरी वा सूचना गर्न सक्नुहुनेछ । तपाईले दिएको सूचनाका आधारमा समितिले तपाईँको देशका सरकारलाई बालअधिकारको सम्मान र संरक्षण गर्ने बारेमा सोध्न र सुझाव दिन सक्छ ।

# OP3CRC ले कसरी हाम्रो अधिकारको संरक्षणमा सघाउँछ त ?





# OP3CRC ले कसरी काम गर्छ ?



दशभन्दा बढि मुलुकले अनुमोदन गरी सकेकाले अब यो OP3CRC संसारभर लागु भइसकेको छ । तर तपाईँको देशको सरकारले OP3CRC अनुमोदन गरेपछि मात्र तपाईँले सयुंक्त राष्ट्रसंघीय बालअधिकार समितिमा उजुरी गर्न सक्नुहुनेछ ।

## OP3CRC ले दुई तरिकाले काम गर्दछ

### सञ्चार प्रक्रिया

तपाईँको अधिकारको हनन् भएको र देशभित्र न्याय नपाएमा तपाईँको प्रतिनिधिहरूले राष्ट्रसंघीय बालअधिकार समितिमा तलको अवस्थामा मात्रै सूचना दिन सक्नुहुनेछ ।



- **OP3CRC** लाई  सरकारले अनुमोदन गरेको अवस्थामा,
- देशभित्रका सबै तहका न्याय प्रणालीहरूबाट तपाईंले न्याय नपाएमा,
- तपाईंको देशका न्याय प्रणालीहरू ज्यादै ढिला छन् अथवा न्याय दिन नसक्ने छन् भन्ने कुरा प्रमाणित भएमा,
- बालअधिकार हननका उजुरीहरू बालअधिकार महासन्धिको दायराभित्र छन् र तपाईंको सरकार सन्धिको पक्ष भएको छ भने मात्र उजुरीले काम गर्नेछ ।

## महत्वपूर्ण बुँदा

**सोधपूछ र अनुसन्धान  गर्दा समितिले बालबालिकाको अर्थपूर्ण सहभागिता र सर्वोत्तम हितलाई ध्यानमा राख्नेछ र बालबालिकाको भनाईलाई महत्व दिनेछ ।**

**बालअधिकार हननका गम्भीर प्रकृतिका र दोहोरिएका ठूला घटनाहरुलाई अरुले पनि सूचना दिन सक्छन् । कुनै बालक, कुनै पनि वयस्क, या कुनै संघसंस्था जो कोहिले पनि जाँचबुझ गर्न अनुरोध गर्दै तलका अवस्थामा समितिमा सूचना गर्न सक्नेछन् ।**



- यस मुलुकको सरकारले **OP3CRC** अनुमोदन गरेको छ भने,

- अधिकारको हनन्का घटनासँग सरोकार राख्ने कुनै सन्धिमा सरकार पक्ष भएको छ भने, राष्ट्रसंघीय बालअधिकार समितिले सोधपूछ या पत्राचरबाट मात्र प्रक्रिया चलाउन सक्नेछ । आवश्यकता अनुसार समितिले तपाईंको मुलुकको भ्रमण गरेर पनि अनुसन्धान गर्न सक्नेछ ।

## समितिमा सञ्चार गएपछि के हुन्छ ?

संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिले आफ्नो अनुसन्धानबाट बालहिंसाजन्य घटना भएको हो भन्ने कुरामा सहमत भएमा उसले तपाईंको सरकारलाई निम्नअनुसारले सुझाव र सल्लाह दिनेछ ।

- संरक्षण र भरणपोषण गर्न, आर्थिक क्षतिपूर्ति गर्न अनि खतरा अवस्थाबाट बालबालिकालाई मुक्त गर्न ।

## तपाईंको देशमा OP3CRC लागू भइसकेको छ ?

यदि तपाईको देशले **OP3CRC** को अनुमोदन गरिसकेको छैन भने तपाईंले आफ्नो सरकारलाई अनुमोदनका लागि प्रोत्साहन गर्न सक्नुहुन्छ । सरकारलाई यसको महत्व बुझाउन सक्नुहुन्छ । तपाईंले गर्न सक्ने केही बुँदाहरू तल चर्चा गरिन्छ :



- **OP3CRC** का बारेमा साथीहरूसँग, क्लवमा, विद्यालयमा र संघसंस्थाहरूमा यसको महत्व र यसको कामका बारेमा चर्चा गर्न सक्नुहुन्छ ।

- सामाजिक सञ्जालहरूमा यसका बारेमा सूचना आदान-प्रदान गर्न, र छलफल चलाउन सक्नुहुन्छ ।

- बालअधिकार हननका घटनाहरूलाई सहरसम्म पुऱ्याउन र **OP3CRC** का बारेमा प्रचार-प्रसार गर्न सक्नुहुन्छ । **OP3CRC** को अनुमोदनका लागि अभियान चलाउन सक्नुहुन्छ ।

- साथीहरू र संघसंस्थाहरूसँग सञ्जालीकरण गरेर अनुमोदनका लागि देशलाई तयार गराउने प्रक्रिया चलाउन सक्नुहुन्छ ।

## OP3CRC को अनुमोदन गर्न किन जरूरी छ ?

- हाम्रो अधिकारको सम्मानका लागि,
- हाम्रो अधिकार हननका बारेमा बोल्न सिकाउन,
- हामीसँग सम्बद्ध महासन्धिहरूको बुझाइ सुदृढ गर्न र हाम्रो अधिकारको संरक्षण तथा प्रबर्धनका लागि,
- हाम्रो अधिकारको दह्रो प्रतिबद्धताका साथ सम्मान, संरक्षण र परिपूर्तिको राष्ट्रिय




# हाम्रा प्रकाशनहरू



नेपालको संविधान २०७२ मा बाल अधिकार
हाम्रो अधिकार : हाम्रो बोलीमा
गुणस्तरीय शिक्षा : सबैको अधिकार
बाल संरक्षण : सबैको सरोकार

थप जानकारी र यो अभियानमा आबद्धताका लागि

www.ratifyop3crc.org/speakup



साझेदारी

Irish Aid

Rialtas na hÉireann

Government of Ireland

प्रकाशन

Ratify OP3 CRC

Coalition Nepal

सचिवालयः चाइल्ड नेपाल